बैठक संख्या – १/०८३/०८४

आज मिति २०८३ श्रावण २१ गते बिहिबार दिनको २:०० बजे मेचीनगर नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री गोपालचन्द्र बुढाथोकीज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बस्यो :

<u>उपस्थिति:</u>

| | | |
|---|---|---|
| नगर प्रमुख | : | श्री गोपालचन्द्र बुढाथोकी |
| उपप्रमुख | : | श्री मिना पोखरेल उप्रेती |
| प्रमुख प्रशासकीय अधिकृत | : | श्री सुवास श्रेष्ठ |
| वडा अध्यक्ष, वडा नं. १ | : | श्री रामकुमार राई |
| वडा अध्यक्ष, वडा नं. २ | : | श्री दीपक बराल |
| वडा अध्यक्ष, वडा नं. ३ | : | श्री हर्कबहादुर बस्नेत |
| वडा अध्यक्ष, वडा नं. ४ | : | श्री अर्जुन कुमार कार्की |
| वडा अध्यक्ष, वडा नं. ५ | : | श्री कनक बहादुर कार्की |
| वडा अध्यक्ष, वडा नं. ६ | : | श्री ललित बहादुर तामांग |
| वडा अध्यक्ष, वडा नं. ७ | : | श्री प्रल्लादमणी ओली |
| वडा अध्यक्ष, वडा नं. ८ | : | श्री गिरिराज धमला |
| वडा अध्यक्ष, वडा नं. ९ | : | श्री कन्चन तामांग |
| वडा अध्यक्ष, वडा नं. १० | : | श्री नारायण खनाल |
| वडा अध्यक्ष, वडा नं. ११ | : | श्री रुद्रप्रसाद डाँगी |
| वडा अध्यक्ष, वडा नं. १२ | : | श्री मधुसुदन निरौला |
| वडा अध्यक्ष, वडा नं. १३ | : | श्री कृष्ण सिग्देल |
| वडा अध्यक्ष, वडा नं. १४ | : | श्री बाबुलाल सुब्बा |
| वडा अध्यक्ष, वडा नं. १५ | : | श्री गुणराज भट्टराई |
| कार्यपालिका सदस्य | : | श्री तिलजा देवान |
| कार्यपालिका सदस्य | : | श्री माया प्याकुरेल |
| कार्यपालिका सदस्य | : | श्री अन्जु थापा |
| कार्यपालिका सदस्य | : | श्री चित्रकुमार धिमाल |
| कार्यपालिका सदस्य | : | श्री कविता खनाल मिजार |
| कार्यपालिका सदस्य | : | श्री हृदय राजबंशी |
| कार्यपालिका सदस्य | : | श्री अमित राई |
| कार्यपालिका सदस्य | : | श्री रिता परियार |

कार्यवाहक – गीता थापा मगर

<u>निर्णय नं. १</u>

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १३ को व्यवस्था र मेचीनगर नगरपालिका सार्वजनिक खरिद नियमावली २०६४ को नियम १५८ मा भएको प्रावधान बमोजिम मेचीनगर नगरपालिकाको नगर क्षेत्र भित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनार्थ आ.व. २०८३/८४ को लागि नगरपालिकाले आफ्नो क्षेत्रभर लागू हुने गरि निर्माण सामग्री र ढुवानीको दर रेट, मेसिन तथा उपकरणको भाडा र कामदारको ज्याला निश्चित गर्ने मिति २०८३ साल श्रावण १९ गते मंगलबार मेचीनगर नगरपालिकाको नगर दररेट निर्धारण समितिका अध्यक्ष नगर प्रमुख श्री गोपालचन्द्र बुढाथोकीज्युको अध्यक्षतामा बसेको मेचीनगर नगरपालिकाको दररेट निर्धारण समितिको बैठकबाट सिफारिस भइ आएको "नगर दररेट २०८३" स्वीकृत गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. २</u>

स्थानीय सरकार संचालन ऐन २०७४, को दफा १०२ को उपदफा (२) तथा मेचीनगर नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को अधिकार प्रयोग गरी तपसिल बमोजिमका कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो :

<u>तपसिल</u>

क. मेचीनगर नगरपालिकाको बैठक, तालिम, गोष्ठी तथा विविध प्रकारका खर्च सम्वन्धी कार्यविधि, २०८३

ख. मेचीनगर नगरपालिकाको वाल कोष (स्थापना र संचालन) कार्यविधि, २०८३

ग. मेचीनगर नगरपालिकाको डकर्मी प्रमाणीकरण कार्यविधि, २०८३

घ. स्थानीय विपद व्यवस्थापन कोष संचालन कार्यविधि, २०८३

<u>निर्णय नं. ३</u>

अपाङ्गता रोकथाम तथा पुन: स्थापना कार्यक्रमलाई परियोजना वा निश्चित अवधिको कार्यक्रमको रुपमा मात्र नराखी स्थानीय तहको नियमित नीति र सेवा प्रवाहमा मूल प्रवाहीकरण गर्न तयार भई पेश भएको "अपाङ्गता रोकथाम तथा पुन: स्थापना कार्यक्रमको मूलप्रवाहीकरण तथा दीगोपना नीति २०८३" स्वीकृत गर्ने निर्णय गरियो।

<u>निर्णय नं. ४</u>

शिक्षित बालिकाहरु नै समाज रुपान्तरणका संवाहक भएकोले, दिगो विकास लक्ष्य (सन् २०३०) को प्रविद्धतालाई पुरा गर्न स्थानीय तह मार्फत समुदाय स्तरमै किशोरी सशक्तिकरण कार्यक्रम कार्यान्वयन गर्न र लक्षित समुदायका किशोरीहरुको शैक्षिक निरन्तरता सुनिश्चित गर्न, बालबिबाह रोक्न, लैङ्गिक हिंसा अन्त्य गर्न र उनीहरुलाई आत्मनिर्भर बनाई समतामुलक समाज निर्माण गर्नका लागि कार्यक्रम संचालन गर्न तयार भई पेश भएको "किशोरी सशक्तिकरण कार्यक्रम संचालन मार्ग दर्शन, २०८३" स्वीकृत गर्ने निर्णय गरियो।

<u>निर्णय नं. ५</u>

द पुर्वान्चल निर्माण सेवाले मिति २०८२/०३/१५ दर्ता नं. १३८७२ को पत्रबाट निम्न बमोजिम "नदिजन्य सामग्री (ढुंगा, गिट्टी, बालुवा)" को स्टक प्रमाणितका निवेदन पेश गरेकोमा, पेश भएको प्राविधिक प्रतिवेदनका आधारमा कोशी प्रदेशको आर्थिक ऐन, २०८३ बमोजिम स्टक प्रमाणित शुल्क लिई निम्नानुसार स्टक प्रमाणित गर्ने निर्णय गरियो :

| क.स. | स्थान | वडा नं. | जग्गा धनी | प्लट नं. | क्षेत्रफल | परिमाण ($M^3$) |
|---|---|---|---|---|---|---|
| १. | तल्लो तिरीङ्ग चोक | ०१ | उमा देवी तामाङ्ग | १७९३ | ०-५-१२ | ६,४१५.१९ |
| २. | जोगी डाँडा | ०२ | डम्बर प्रसाद कोइराला | ५४७ | १-१२-१० | ९,३३२.२९ |
| | | | | ६८७ | १-३-५ | |
| | | | | ३३३ | ०-१५-० | |

. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .

**निर्णय नं. ६**

यस मेचीनगर नगरपालिकाको आ.व. २०७६/०७७ का लागि मेचीनगर नगरपालिकाका निन्दा, मेची, टिमाई र हडिया नदी खोलाहरुबाट नदीजन्य पदार्थ उत्खनन, संकलन र बिक्रीका लागि स्वीकृत IEE प्रतिवेदन बमोजिम E-Bidding मार्फत ठेक्कामा अधिकतम अंक कबोल गर्ने बिनिता श्री ट्रेड एण्ड सप्लायर्सलाई मिति २०७७/०४/२६ को कार्यपालिका बैठकबाट सम्पूर्ण विवरण उल्लेख गरी छुट दिएको परिमाणको रकम र राजश्व रकम गरी हुन आउने जम्मा रु १३६५६५९८.०० ( अक्षरुपी रु एक करोड छत्तिस लाख छपन्न हजार पाँच सय अन्ठानब्बे मात्र) तथा सो रकम बुझाउने दिनसम्मको प्रचलित कानुन बमोजिम हुन आउने ब्याज तथा हर्जना रकम सरकारी बाँकी सरह असुल उपर गर्ने मिति २०८२/०२/२८ गते नगर कार्यपालिका बैठकबाट निर्णय भई बिनिता श्री ट्रेड एण्ड सप्लायर्सलाई यस कार्यालयको च.नं. ६८४३ मिति २०८२/०२/२९ गते पत्र लेखिएकोमा, सो पत्र तथा उक्त निर्णयका विरुद्ध बिनिता श्री ट्रेड एण्ड सप्लायर्सले सम्मानित उच्च अदालत विराटनगर, इलाम इजलासमा मुद्दा ०८१-wo-०१०२ को उत्प्रेषण परमादेश समेतको मुद्दा दर्ता गराएकोमा, उक्त मुद्दाको विषयमा सम्मानित अदालतबाट मिति २०८३/०१/२९ गतेको आदेशबाट रिट खारेज भएको हुँदा, मिति २०७७/०४/२६ को कार्यपालिका बैठकबाट सम्पूर्ण विवरण उल्लेख गरी छुट दिएको परिमाणको रकम र राजश्व रकम गरी हुन आउने जम्मा रु रु १३६५६५९८.०० ( अक्षरुपी रु एक करोड छत्तिस लाख छपन्न हजार पाँच सय अन्ठानब्बे मात्र) तथा सो रकम बुझाउने दिनसम्मको प्रचलित कानुन बमोजिम हुन आउने ब्याज तथा हर्जना रकम बिनिता श्री ट्रेड एण्ड सप्लायर्सबाट सरकारी बाँकी सरह असुल उपर गर्ने पूर्व निर्णय बमोजिमको सम्पूर्ण रकम १५(पन्ध्र) दिन भित्र यस कार्यालयको राजश्व खातामा जम्मा गर्न र अन्यथा प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असूल उपर गर्ने गरी पत्र मार्फत पुन: लिखित जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं. ७**

मेचीनगर आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन समितिको मिति २०८३/०४/०८ को निर्णय अनुसार अस्पतालको सेवा विस्तार र गुणस्तरीय सेवा प्रदान गर्नको लागि अस्पतालबाट तपशिल बमोजिमका कर्मचारीहरु मांग भई आएको हुँदा करार सेवा पदपूर्ति गर्ने निर्णय गरियो ।

तपशिल

मेडिकल अधिकृत (आठौ तह) – २ जना

डेन्टल हाईजेनिष्ट ( पाचौ तह) – १ जना

ल्याब असिस्टेन्ट (चौथो तह) – १ जना

**निर्णय नं. ८**

वर्षायाममा लागे संगै नेपालका अन्य भाग साथै मेचीनगरमा समेत डेंगु तथा जापानिज इन्सेफलाइटिस रोगको संक्रमण फैलिएको हुँदा रोकथाम तथा नियन्त्रणका लागि नगरपालिका भित्र लामखुट्टेको लार्भा नष्ट गर्ने अभियान र व्यापक जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न सबै वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय, टोल विकास संस्था तथा सरोकारवाला निकायसँग समन्वय गरी लामखुट्टेको प्रजननस्थल खोजी गरी नष्ट गर्ने (Search and Destroy) अभियान सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

नेपाल सरकारबाट प्रदान गरिने मृगौला प्रत्यारोपण गरेका, नियमित डायलाइसिस गराइरहेका, क्यान्सर रोगी तथा मेरुदण्ड पक्षघात भएका बिरामीहरूलाई औषधि उपचार खर्च उपलब्ध गराउने कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सबै टोलहरुमा प्रचार प्रसार गरी असोज मसान्त सम्ममा सम्वन्धित लाभग्राहीहरूको दर्ता नवीकरण गर्न स्वास्थ्य शाखामा पठाउने निर्णय गरियो ।

**निर्णय नं. १०**

मेचीनगर नगरपालिकाको Preparation of Detailed Project Report (DPR) of Sports Complex at Mechinagar Municipality-10 (Khel Maidan) कार्य गर्ने गरि गुणस्तर र लागत विधि (QCBS) विधि बमोजिम छनौट भएको श्री Gyandevi Engineering Consultancy Pvt. Ltd, Babarmahal Kathmandu सँग मिति २०८२ जेष्ठ ०४ गते सम्झौता भई मिति २०८२ श्रावण २० गते उक्त परामर्शदाताले पेश गरेको अन्तिम प्रतिवेदन (Final Detail Project Report) को प्रस्तुतिकरण नगरकार्यपालिकाको बैठकमा भएकोमा, उक्त प्रतिवेदन अध्ययन गरी स्वीकृतका लागि आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ११**

सम्बन्धित वडा कार्यालयबाट प्राप्त सिफारिस, सरजमिन मुचुल्का, माग निवेदन समेतको आधारमा आ.व. ०८२/०८३ मा स्वीकृत बजेट शिर्षक 'विपद व्यवस्थापन कोष' बाट निम्न विपदजन्य घटनाबाट प्रभावित व्यक्तिहरुलाई राहत प्रदान गर्ने निर्णय गरियो :

| | | |
|---|---|---|
| १. | पूर्ण चन्द्र रिजाल, मेनपा- ०३ | ३० हजार |
| २. | भद्रिका देवी चौहान, मेनपा- १२ | १० हजार |
| ३. | वासु पहान, मेनपा- १५ | २० हजार |
| ४. | डिल्लीराम भण्डारी, मेनपा- १४ | १० हजार |
| ५. | भवानी गुरागाई, मेनपा- १४ | ५० हजार |
| ६. | सावित्रा थापा, मेनपा- ६ | १० हजार |
| ७. | वेद कुमारी धमला, मेनपा- १४ | १० हजार |
| ८. | नेफेजुल महमद, मेनपा- १० | १० हजार |
| ९. | रुद्र बहादुर बस्नेत, मेनपा- ०३ | ५ हजार |
| १०. | लक्ष्मी बस्नेत, मेनपा- ७ | ५ हजार |
| ११. | सरस्वती अधिकारी मेनपा- ७ | ५ हजार |
| १२. | फुलमति वेश्रा, मेनपा – ७ | १० हजार |

**निर्णय नं: १२**

मेचीनगर नगरपालिकाको आ.व. ०८२/०८३ मा स्वीकृत बजेट शिर्षक "मर्मत सम्भार कोष" बाट खर्च हुने गरी निम्न योजनाको मर्मत सम्भार गर्ने निर्णय गरियो :

निम्न

| | | |
|---|---|---|
| १. | बगान पुर्वको बाटो मर्मत, मेनपा - ८ | २५ हजार |
| २. | डिल्ली केसीको घर अगाडी बिजुलीको पोल सार्ने कार्य,मेनपा - ६ | ३० हजार |
| ३. | राजपैनी मर्मत, मेनपा - ६ र ८ | २७ हजार |

**निर्णय नं. १३**

यस नगरपालिका अन्तर्गत नगर अनुदान तथा संघीय शिक्षण सहयोग अनुदानबाट तलब भत्ता प्राप्त गर्ने निम्नानुसारको दरबन्दीलाई निरन्तरता दिने साथै अंग्रेजी, विज्ञान र गणित विषय बाहेकका नगर अनुदानबाट तलब भत्ता भुक्तानी हुने गरी नियुक्त भएका शिक्षकहरुको दरबन्दी रिक्त भएमा नगरपालिकाले विद्यार्थी संख्या

विश्लेषण गरी अनुदान निरन्तरताका सम्बन्धमा आवश्यकताका आधारमा नगर कार्यपालिकाबाट स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**निम्न**

**नगर अनुदान अन्तर्गतका शिक्षक तथा कर्मचारी दरबन्दी विवरण**

| क्र.स | विद्यालयको नाम, ठेगाना | शिक्षक दरबन्दी संख्या | | | जम्मा |
|---|---|---|---|---|---|
| | | मा. | नि.मा | प्रा. | |
| १ | पवित्र मा.वि, मे.न.पा-१ | १ | | | १ |
| २ | वालसुवोधिनी मा.वि, मे.न.पा-१४ | २ | | | २ |
| ३ | अरनिको मा.वि, मे.न.पा-७ | १ | १ | | २ |
| ४ | वालकल्याण मा.वि, मे.न.पा-१० | १ | १ | | २ |
| ५ | सरस्वती वालकल्याण मा.वि, मे.न.पा-१२ | २ | | | २ |
| ६ | कालिका आ.वि, मे.न.पा-१५ | | | १ | १ |
| ७ | जनकल्याण प्रा.वि, मे.न.पा-१ | | | १ | १ |
| ८ | बलभद्र आ.वि, मे.न.पा-३ | | | १ | १ |
| | जम्मा | ७ | २ | ३ | १२ |

संघीय अनुदान अन्तर्गतका शिक्षक तथा कर्मचारी दरबन्दी विवरण

| क्र.स | विद्यालयको नाम, ठेगाना | शिक्षक दरबन्दी संख्या | | | जम्मा |
|---|---|---|---|---|---|
| | | मा. | नि.मा | प्रा. | |
| १ | पवित्र मा.वि, मे.न.पा-१८ | ३ | | | ३ |
| २ | सरस्वती मा.वि, मे.न.पा-४ | २ | | | २ |
| ३ | अरनिको मा.वि, मे.न.पा-७ | ३ | | | ३ |
| ४ | वालकल्याण मा.वि, मे.न.पा-१० | २ | | | २ |
| ५ | पशुपति मा.वि, मे.न.पा-४ | २ | | | २ |
| ६ | वालसुवोधिनी मा.वि, मे.न.पा-१४ | २ | | | २ |
| ७ | भानु आ.वि, मे.न.पा-११ | | १ | | १ |
| ८ | कालिका आ.वि, मे.न.पा-१२ | | १ | | १ |
| ९ | शिसुसाक्षर आ.वि, मे.न.पा-१० | | १ | | १ |
| १० | कालिका आ.वि, मे.न.पा-१५ | | १ | | १ |
| ११ | बलभद्र आ.वि, मेन.पा-३ | | १ | | १ |
| १२ | कंचनजंघा आ.वि, मे.न.पा-८ | | १ | | १ |
| | जम्मा | १४ | ६ | ० | २० |

निर्णय नं. १४

मेचीनगर नगरपालिका अन्तर्गत सञ्चालित तपसिल बमोजिमका विद्यालयहरुमा शिक्षा नियमावली २०५९, (दशौं संशोधन सहित) को नियम ९९ को उपनियम ५ बमोजिम शिक्षक सरुवाका लागि भएको नगरप्रमुख स्तरीय निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

### तपसिल

| क्र.स. | विद्यालयको नाम | तह | निर्णय मिति | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री जनता मा.वि., मेचीनगर – ३ | प्राथमिक | २०८३/०४/१० | १ | |
| २ | श्री बलभद्र आ.वि. मेचीनगर – ३ | प्राथमिक | २०८३/०४/१३ | १ | |
| ३ | श्री कालिका आ.वि. मेचीनगर - १५ | प्राथमिक | २०८३/०४/१८ | २ | |

साथै श्री सरस्वती बालकल्याण माध्यमिक विद्यालय मेचीनगर – १२ लाई नगर अनुदानबाट माध्यमिक तह गणित विषयको लागि शिक्षक व्यवस्थापन गर्ने मिति २०८३-०४-१९ को नगर प्रमुखस्तरीय निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. १५**

कार्यलयबाट तयार भई पेश भएका निम्न कार्यविधि तथा मापदण्ड आगामी कार्यपालिका बैठकमा पेश गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने निर्णय गरियो :

क. जग्गा विकास तथा एकीकरण सम्बन्धी कार्यविधि

ख. खोला नदीहरुसंग सम्बन्धित मापदण्ड

ग. आर्थिक सहायता कोष संचालन सम्बन्धी कार्यविधि

**निर्णय नं. १६**

महिला जनचेतना केन्द्र, मेनपा ६ र हिमालयन एग्रोइकोलोजी रिसर्च एण्ड डेभलपमेन्ट कम्पनि, अर्जुनधाराले यस नगरपालिकामा कार्यक्रम संचालन गर्न अनुमति माग गरेकोमा, आगामी कार्यपालिका बैठकमा कार्यक्रमको विस्तृत विवरण पेश गर्न लगाउने निर्णय गरियो।

**निर्णय नं. १७ विविध**

क. विभिन्न व्यक्तिहरुले विभिन्न मितिमा विषय उल्लेख गरि आर्थिक सहायता/ सहयोग माग गरि निवेदन पेस गरेकोमा, मेचीनगर नगरपालिकाको आ.व. ०८३/०८४ मा स्वीकृत निम्न शिर्षकबाट निम्न अनुसार सहयोग गर्ने निर्णय गरियो।

| क्र.स. | निवेदक | वडा | रकम | शिर्षक |
|---|---|---|---|---|
| १ | भिम राई | ०३ | २००००.०० | आ.स. |
| २ | रिदम दनुवार | ०३ | २०००० .०० | आ.स |

ख. प्राकृतिक विज्ञान समाजद्वारा यस मेचीनगर नगरपालिकाको कार्यालयमा मिति २०८३/०४/२१ मा दर्ता भई दर्ता नं. ९७० कायम भइ प्राप्त निवेदन बमोजिम "Improving Human–Elephant Coexistence through Early Warning Systems and Community-Based Conflict Monitoring in Eastern Nepal" शीर्षकको परियोजनाका लागि International Elephant Foundation (IEF) मा पेश गरिने प्रस्तावको समर्थन (Endorsement) पत्र उपलब्ध गराइदिन अनुरोध भएको सम्बन्धमा, उक्त परियोजनाले मेचीनगर नगरपालिकामा मानव–हात्ती द्वन्द्व न्यूनीकरण तथा मानव र हात्तीबीच सहअस्तित्व प्रवर्द्धनमा सहयोग पुग्ने देखिएको हुँदा आवश्यक Endorsement Letter उपलब्ध गराउने निर्णय गरियो।

ग. २०८२ भाद्र २४ को आगजानीको कारण संकलन गरिएको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यस्थित वसोबासी फारम नष्ट भएको कारण, पुन: विवरण संकलनका लागि ३५ दिने सूचना प्रकाशनका लागि सम्बन्धित मन्त्रालयलाई पुन: अनुरोध गरी पठाउने निर्णय गरियो।

Scanned with CamScanner